**मिति २०८३ साल जेष्ठ २७ गते बसेको नगरकार्यपालिकाको ६४ औं बैठकको प्रस्ताव तथा निर्णयहरु:-**

**प्रस्तावहरु:-**

१) धुनिवेशी नगरपालिकाको नगरसभाको १९ औं नगर अधिवेशन सम्वन्धमा ।

२) भूमि प्रशासन कार्यालय धादिङको च.नं.६६१६, मिति २०८३।०१।३१ को आ.व.०८३।०८४ को न्यूनतम मुल्यांकिन पत्रका सम्बन्धमा ।

३) विविध

(क) धाराचौर कुमाइखोला डिपवोरिङ खानेपानी योजना र सिरान्चौर डिपवोरिङ योजनाका उपभोक्ताहरुको निवेदनका सम्वन्धमा

(ख) ७ नं. वडा कार्यालयको च.नं.५७९ मिति २०८२।०९।०१को पत्रका सम्वन्धमा ।

(ग) २ नं. वडा कार्यालयमा ब्लक विछ्याउने सम्बन्धमा ।

(घ) ४ नं. वडा कार्यालयमा पहुँचका लागि सिढी/भऱ्याङ निर्माण गर्ने सम्वन्धमा ।

(ङ) धोविखोला मुल संरक्षण सम्वन्धमा ।

(च) टोल/वस्तीबाट योजना छनौट सम्वन्धमा ।

(छ) चालु आ.व.को योजना सम्झौता सम्वन्धमा ।

(ज) सुरुङमार्ग निर्माणमा प्रभावितसँग भएका सेवा, सुविधा सम्झौता सम्वन्धमा ।

(झ) योजना तथा कार्यक्रममा समावेश गरी बजेट रकम विनियोजन गरिदिन काठमाण्डौं महानगरलाई अनुरोध गर्ने सम्बन्धमा ।

(ञ) हालसाविक गर्ने सम्वन्धमा ।

**निर्णय नं.१**

यस नगरपालिकाको नगरसभाको १९ औं नगर अधिवेशन मिति २०८३।०३।१० गते नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

भूमि प्रशासन कार्यालय धादिङको च.नं.६६१६, मिति २०८३।०१।३१ को पत्रवाट आ.व.०८३।०८४का लागि धुनिवेशी नगर क्षेत्र भित्रका जग्गाहरुको न्यूनतम मुल्यांकनका लागि विवरण पेश गर्नुहुन भनी पत्र प्राप्त भएकोमा यस नगरक्षेत्र भित्रका जग्गाहरुको चलनचल्तीको मुल्य भन्दा अत्यधिक वढी मुल्यांकन भएको भनी जनस्तरवाट गुनासो प्राप्त भएको हुंदा आ.व.०८३।०८४ का लागि आ.व.२०८२।०८३ मा नै भएको न्यूनतम मुल्यांकन नै कायम गर्न भूमि प्रशासन कार्यालय धादिङलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-क)**

धुनिवेशी नगरपालिकाका वडा नं.५ स्थित धाराचौर कुमाइखोला डिपवोरिङ खानेपानी योजनाका उपभोक्ताहरु र २ नं. वडाको सिरानचौर डिपवोरिङ उपभोक्ताहरुले यस कार्यालयमा पेश गरेको

निवेदनानुसार उक्त डिपबोरिङ सरसफाई, मर्मत नयाँ पाइप जडान गर्दा लाग्ने खर्च रकम नगरपालिकाबाट मिल्दोजुल्दो शिर्षक मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-ख)**

आर्थिक अवस्था कमजोर भई घर निर्माण गर्न नसकेको भनी घर निर्माणका लागि निवेदन प्राप्त भएको सन्दर्भमा यस धुनिवेशी नगर क्षेत्र भित्र आफ्नो नाममा जग्गा भएको तर बसोबासका लागी घर निर्माण गर्न नसक्ने विपन्न, असाहय नागरिकहरुको लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी, कार्यविधि निर्माण गरी न्यूनतम रुपमा बसोबास गर्न मिल्ने घर निर्माण गर्न सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-ग)**

धुनिवेशी नगरपालिका वडा नं.२ को कार्यालयबाट प्राप्त सिफारिस पत्रानुसार वडा कार्यालय परिसरमा निर्माण कार्य अधुरो रहेकोले वडा कार्यालय परिसरमा ब्लक विछ्याउने कार्यका लागी तीन लाख रुपैयाँ मिल्दो बजेट शिर्षकबाट कार्यान्वयन गराउने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-घ)**

धुनिवेशी नगरपालिका वडा नं. ४ को कार्यालयबाट प्राप्त पत्रानुसार सडकबाट पहुँचका लागि सिढी/भऱ्याङ निर्माण गर्न मिल्दो शिर्षकबाट ईष्टिमेट अनुसार सिढी/भऱ्याङ निर्माण गराउने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-ङ)**

यस धुनिवेशी नगरपालिका वडा नं.३ मा खानेपानी समस्याले धोविखोला मुल संरक्षण गरिदिनुहुन भनी निवेदन प्राप्त भएकोले उक्त धोविखोलामा मुल संरक्षण गर्नका लागि मिल्दो शिर्षकबाट रु.१ लाख ५० हजार विनियोजन गरी कार्य गराउने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-च)**

आ.व. २०८३।०८४को नीति, कार्यक्रम तथा बजेटका लागि वडा कार्यालयहरुबाट टोल/वस्तीहरुबाट योजना तथा कार्यक्रम छनौट गरी पठाउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-छ)**

आ.व.२०८२।०८३ मा विनियोजित उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुको सम्झौता मिति २०८३।०३।०४ गते देखी स्थागित गर्ने साथै हालसम्म सम्झौता गरिएका योजनाहरुको २०८३।०३।२० सम्म जे-जति कार्यसम्पन्न भएका छन् उक्त योजना तथा कार्यक्रमहरुको मुल्यांकन गरी भुक्तानी दिइने आगामी आर्थिक वर्षका लागी सम्पन्न नभएका उपभोक्ता समिति मार्फत सञ्चालित योजना तथा कार्यक्रमहरुको म्याद थप नगरिने व्यहोरा वडा कार्यालयहरु मार्फत जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-ज)**

नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना मार्फत निर्माण भइरहेको सुरुङमार्ग निर्माणका क्रममा धुनिबेंशी नगरपालिका वडा नं.९ को प्रभावित व्यक्तिहरुसँग पटक पटक भएका सम्झौता तथा सुविधाहरुका विषयमा हाल सम्म उक्त आयोजनाबाट माग सम्बोधन नभएको भनी यस कार्यालयमा जनगुनासो प्राप्त भएको हुँदा विभिन्न समयमा उक्त आयोजनासँग भएका सम्झौता एवं सुविधाहरुको विषयमा माग सम्वोधन गरिदिन नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनालाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-झ)**

धुनिवेशी नगरपालिकाले पालिकास्तरीय नगर गौरवको योजना तथा कार्यक्रमका रुपमा धुनिवेशी नगरपालिका वडा नं.२ स्थित रातमाटे भन्ने स्थानमा वृद्धवृद्धा विश्रामस्थल भवन निर्माण गरेको छ। नगर क्षेत्र भित्रका दृष्टिविहिन, अपाङ्ग व्यक्ति एवं असहाय, जेष्ठ नागरिकहरुको लागि लाग्ने खर्च रकम नगरपालिकाले वेहोर्ने गरी र अन्य स्थानका, सडक बालबालिका, दृष्टिविहिन, अपाङ्ग व्यक्ति एवं बालबालिका र असहाय जेष्ठ नागरिकहरुको लागि लागने खर्च रकम मानव सेवा आश्रम नेपालको तर्फबाट व्यहोर्ने गरी मानव सेवा आश्रमको व्यवस्थापनमा निशुल्क रुपमा खाने, वस्ने र औपधी उपचार सेवा समेत उपलब्ध हुने गरी वृद्धवृद्धा विश्रामस्थल भवनमा सेवा संचालन भई सकेको छ। वृद्धवृद्धा विश्रामस्थल भवनलाई जेष्ठ नागरिकहरुको ज्ञान, सिप एवं अनुभवहरु हस्तान्तरण तथा पुस्तान्तरण गर्ने केन्द्रका रुपमा विकास गर्ने नगरपालिकाको उद्धेश्य अनुरुप वृद्धवृद्धा विश्रामस्थल सञ्चालन भई असहाय जेष्ठ नागरिकहरुलाई सेवा प्रदान गरिरहेकोमा उक्त विश्रामस्थल सम्म जाने पक्कि मोटर बाटो निर्माण हुन सकेको छैन । हाल कच्चि मोटर बाटो निर्माण भएको अवस्था छ । पक्कि मोटरबाटो निर्माण नहुँदा विश्रामस्थल सम्म जान र आउनका लागि असहज भएको छ । कच्चि मोटरबाटो स्तरोन्नतीका लागि नगरपालिका एक्लैले बजेट व्यवस्थापन गर्न सक्ने अवस्था पनि छैन । यसर्थ धुनिवेशी नगरपालिका वडा नं.१ स्थित बन्चरे कुँडुले ल्याण्डफिल साईडबाट प्रभावित स्थानीय वासिन्दाहरुले फोहोरमैला प्रभावित क्षेत्रको विकास एवं पूर्वाधार निर्माणका लागि महानगरपालिकाबाट वार्षिक रुपमा प्राप्त गर्ने अनुदान रकमका अतिरिक्त वृद्धवृद्धा विश्रामस्थल भवन सम्म जाने पक्कि मोटर बाटो निर्माण एवं स्तरोन्नतीको योजना सहित अन्य तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु महानगरको आ.व.२०८३।०८४ को वार्षिक योजना तथा कार्यक्रममा समावेश गरी बजेट रकम व्यवस्थापन गरीदिन काठमाण्डौं महानगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिलः-**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | वृद्धवृद्धा विश्रामस्थल जाने सडक | धुनिवेशी न.पा.२ | ३ करोड |
| २ | जेष्ठ नागरिक पार्क निर्माण | धुनिवेशी न.पा.-२ | १ करोड |

**निर्णय नं.३ (विविध-ञ)**

धुनिवेशी नगर क्षेत्र भित्रका घरजग्गा मुल्यांकन प्रयोजन र उपयोगको लागि नगर क्षेत्र भित्रका सडकहरुको लगतकट्टा सहित हालसाविक गरेर यथार्थ र दुरुस्त मुल्यांकन पद्धति विकास गर्न समेत आगामी वर्षको नीति, बजेट तथा कार्यक्रममा समावेश गरेर हालसविकका लागि सम्वन्धित निकाय समक्ष आवश्यक पहल गर्ने निर्णय गरियो ।